नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

**प्रधान कार्यालय**
**मानवश्रोत व्यवस्थापन विभाग**

# सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७४/०२/०३)

श्री लोक सेवा आयोगको सहमति अनुसार यस नेपाल बैंक लिमिटेडमा रिक्त रहेका देहायका पदहरुमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पुर्ति गर्नुपर्ने भएकोले तपसिलको योग्यता पुगेका बैंकले खटाएको जुनसुकै कार्यालय/शाखामा कार्य गर्न इच्छुक तथा कुनै वातकसुर नलागेका योग्य नेपाली नागरिकले आफुले प्राप्त गरेको नागरिकता तथा एस.एल.सी. वा सो सरह र सो भन्दा माथिको शैक्षिक योग्यताको सम्पूर्ण प्रमाणपत्र तथा ट्रान्सकृप्टहरुको प्रमाणित प्रतिलिपी र हाल सालै खिचेको पासपोर्ट साईजको ३ (तीन) प्रति फोटो तथा तोकिएको दस्तुर सहित समावेशी तर्फको समूह समेत खुलाई यो सूचना गोरखापत्र दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र रितपुर्वक दरखास्त फारम भरी यस बैंकको प्रधान कार्यालय, मानवश्रोत व्यवस्थापन विभागमा बुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ । विदेशी विश्वविद्यालयबाट शैक्षिक प्रमाणपत्र प्राप्त गरेका उम्मेदवारहरुले समकक्षताको प्रमाणपत्र पेश गर्नुपर्नेछ । शैक्षिक प्रमाणपत्रमा डिभिजन नखुलेका आवेदक स्वयंले सम्बन्धित विश्वविद्यालयको डिभिजन खुलेको प्रमाणपत्र दरखास्त साथ पेश गर्नु पर्नेछ । साथै बहालवाला कर्मचारी भएमा कार्यरत संस्थाको विभागीय स्वीकृती पेश गर्नु पर्नेछ । अनुभव चाहिने योग्यता तोकिएको पदमा आवेदन दिने उम्मेदवारहरुले कार्यरत संस्थामा काम गरेको पद तथा अनुभवको वर्ष खुल्ने प्रमाण पत्रका साथ नियुक्ति पत्रको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ । रित नपुगी र म्याद नाघी पर्न आएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| विज्ञापन नं. | पद | तह | समूह | संख्या | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| २०७३/७४/३१ | बरिष्ठ प्रबन्धक | ९ | खुला | १ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र (मानविकी) मा न्युनतम स्नातकोत्तर (प्रथम श्रेणी) उत्तिर्ण वा स्नातक पछि चार्टर्ड एकाउन्टेन्सीको प्रमाणपत्र प्राप्त गरी नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त कुनै "क" वर्गको बैंकको अधिकृत तहमा न्युनतम ३ वा "ख" वर्गको बैंकको ४ वर्षको अनुभव । द्वितीय श्रेणी भएमा क्रमशः ४ वा ५ वर्षको अनुभव । |
| २०७३/७४/३२ | बरिष्ठ प्रबन्धक | ९ | महिला | १ | |
| २०७३/७४/३३ | प्रबन्धक | ८ | खुला | २ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र (मानविकी) मा न्युनतम स्नातकोत्तर (प्रथम श्रेणी) उत्तिर्ण वा चार्टर्ड एकाउन्टेन्सीको प्रमाणपत्र प्राप्त गरी नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त कुनै "क" वर्गको बैंकको अधिकृत तहमा न्युनतम २ वा "ख" वर्गको बैंकको ३ वर्षको अनुभव । द्वितीय श्रेणी भएमा क्रमशः ३ वा ४ वर्षको अनुभव । |
| २०७३/७४/३४ | प्रबन्धक | ८ | महिला | १ | |
| २०७३/७४/३५ | उप प्रबन्धक | ७ | खुला | २ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र (मानविकी) मा न्युनतम स्नातकोत्तर (प्रथम श्रेणी) उत्तिर्ण वा चार्टर्ड एकाउन्टेन्सीको प्रमाणपत्र प्राप्त गरी नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त कुनै "क" वर्गको बैंकको अधिकृत तहमा न्युनतम १ वा |
| २०७३/७४/३६ | उप प्रबन्धक | ७ | महिला | १ | |
| २०७३/७४/३७ | उप प्रबन्धक | ७ | आ.ज. | १ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | "ख" वर्गको बैंकको २ वर्षको अनुभव। द्वितीय श्रेणी भएमा क्रमश: २ वा ३ वर्षको अनुभव। |
| २०७३/७४/३८ | उप प्रबन्धक (सिभिल/हाईड्रो इन्जिनियर) | ७ | खुला | १ | मान्यताप्राप्त संस्थाबाट सिभिल/हाईड्रो पावर इन्जिनियरीङ्गमा न्युनतम स्नातकोत्तर तह प्रथम श्रेणीमा उत्तिर्ण गरी सम्बन्धित क्षेत्रमा ७ बर्षको कार्य अनुभव। |
| २०७३/७४/३९ | सहायक प्रबन्धक | ६ | खुला | १७ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र (मानविकी) मा न्युनतम स्नातकोत्तर (द्वितीय श्रेणी) उत्तिर्ण। |
| २०७३/७४/४० | सहायक प्रबन्धक | ६ | महिला | ४ | |
| २०७३/७४/४१ | सहायक प्रबन्धक | ६ | आ.ज. | ३ | |
| २०७३/७४/४२ | सहायक प्रबन्धक | ६ | मधेशी | ३ | |
| २०७३/७४/४३ | सहायक प्रबन्धक | ६ | दलित | १ | |
| २०७३/७४/४४ | सहायक प्रबन्धक | ६ | अपाङ्ग | १ | |
| २०७३/७४/४५ | सहायक प्रबन्धक | ६ | पि.क्षे. | १ | |
| २०७३/७४/४६ | सहायक प्रबन्धक (सिभिल इन्जिनियर) | ६ | खुला | १ | मान्यताप्राप्त संस्थाबाट सिभिल इन्जिनियरीङ्गमा न्युनतम स्नातक दोश्रो श्रेणीमा उत्तिर्ण गरी सम्बन्धित क्षेत्रमा १ बर्षको अनुभव। |
| २०७३/७४/४७ | बरिष्ठ सहायक | ५ | खुला | ३ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र (मानविकी) मा न्युनतम स्नातक द्वितीय श्रेणीमा उत्तिर्ण। |
| २०७३/७४/४८ | बरिष्ठ सहायक | ५ | महिला | १ | |
| २०७३/७४/४९ | बरिष्ठ सहायक | ५ | आ.ज. | १ | |
| २०७३/७४/५० | सहायक | ४ | खुला | ३२ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र (मानविकी) मा न्युनतम स्नातक उत्तिर्ण। |
| २०७३/७४/५१ | सहायक | ४ | महिला | ९ | |
| २०७३/७४/५२ | सहायक | ४ | आ.ज. | ६ | |
| २०७३/७४/५३ | सहायक | ४ | मधेशी | ६ | |
| २०७३/७४/५४ | सहायक | ४ | दलित | २ | |
| २०७३/७४/५५ | सहायक | ४ | अपाङ्ग | २ | |
| २०७३/७४/५६ | सहायक | ४ | पि.क्षे. | १ | |
| २०७३/७४/५७ | कनिष्ठ सहायक (Gold Tester) | ३ | खुला | २ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापनमा प्रमाणपत्र/१०+२ (द्वितीय श्रेणी) उत्तिर्ण। |
| २०७३/७४/५८ | कनिष्ठ सहायक (Gold Tester) | ३ | महिला | १ | |
| २०७३/७४/५९ | कनिष्ठ सहायक (Gold Tester) | ३ | मधेशी | १ | |

१. सेवाको किसिम : स्थायी

२. तलब तथा सुविधा : बैंक नियमानुसार

३. उमेर : तह ९ बरिष्ठ प्रबन्धक र तह ८ प्रबन्धक पदका लागि २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको। तह ७ उप प्रबन्धक र तह ६ सहायक प्रबन्धक पदका लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको। तह ५ वरिष्ठ सहायक र सो भन्दा मुनिको पदका लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको। तर महिला उम्मेदवारको हकमा माथिल्लो उमेर हदमा पाँच वर्ष थप हुनेछ। बैंकको वहालवाला कर्मचारीलाई उल्लेखित उमेर हद लाग्ने छैन।

४. परीक्षण काल : तह ६ सहायक प्रबन्धक वा सो भन्दा माथिको पदको लागि १ वर्ष तथा तह ५ वरिष्ठ

सहायक वा सो भन्दा मुनिको पदको लागि ६ महिना ।

| | | | |
|---|---|---|---|
| ५. | परीक्षाको किसिम | : | लिखित तथा अन्तर्वार्ता |
| ६. | अन्य सेवा र शर्त | : | नेपाल बैंक लिमिटेड, कर्मचारी सेवा विनियमावली २०६८ बमोजिम हुनेछ । |
| ७. | दरखास्त फारम पाइने तथा बुझाउने स्थान | : | नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, मानवश्रोत व्यवस्थापन विभाग, धर्मपथ, काठमाडौं । दरखास्त फारम यस बैंकको website: http//www.nepalbank.com.np बाट Download गर्न सकिनेछ । |
| ८. | दरखास्त बुझाउने अन्तिम मिति | : | यो सूचना गोरखापत्र दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन ( २०७४/०२/१७) भित्र । अन्तिम दिन विदा परेमा सो को भोलिपल्ट । |
| ९. | दरखास्त शुल्क | : | रु. १००/- (एक सय) । बैंकको website बाट Download गरेको दरखास्त फारमको हकमा समेत सोही बमोजिम शुल्क जम्मा गर्नुपर्नेछ । |
| १०. | परीक्षा शुल्क | : | तह-९ बरिष्ठ प्रवन्धक र तह-८ प्रवन्धक पदका लागि रु. ९००/- (नौ सय) । तह ७- उप प्रवन्धक र तह- ६ सहायक प्रबन्धक पदका लागि रु. ७००/- (सात सय) ।<br>तह-५ वरिष्ठ सहायक, तह- ४ सहायक र तह- ३ कनिष्ठ सहायक पदका लागि रु. ५००/- (पांच सय) । |
| ११. | समावेशी समुहका लागी थप शुल्क | : | तह- ६ सहायक प्रबन्धक र सो भन्दा माथिको पदका लागि समुह पिच्छे थप रु. २००/- (दुइ सय) ।<br>तह-५ बरिष्ठ सहायक र सो भन्दा मुनिको पदका लागि समुह पिच्छे थप रु. १००/- (एक सय) । |
| १२. | परीक्षा कार्यक्रम तथा स्थान | : | उपरोक्त पदहरुको **लिखित परीक्षा लोक सेवा आयोगवाट संचालन हुनेछ** । लिखित परीक्षा कार्यक्रम तथा परीक्षा स्थान पछि प्रकाशित गरिनेछ । |

**द्रष्टव्यः**

क) शुल्कको हकमा तोकिए बमोजिमको दरखास्त, परीक्षा र समावेशी शुल्क नेपाल बैंक लिमिटेड काठमाडौं बैंकिङ्ग अफिस धर्मपथ, काठमाडौं स्थित परीक्षा हिसाब नं. ००२००१००५२२५५९००००१ मा यस बैंकका जुनसुकै शाखाबाट जम्मा गरी सोको भौचर दरखास्त फारमका साथ पेश गर्नुपर्नेछ । रकम जम्मा भौचरमा केरमेट नभएको र आवेदनकर्ताको नाम स्पष्ट उल्लेख भएको हुनुपर्नेछ ।

ख) छनौट भई नियुक्ति गरिएका कर्मचारीहरुले बैकले खटाएको जुनसुकै कार्यालय/शाखामा गई काम गर्नुपर्नेछ ।

ग) तह ५ बरिष्ठ सहायक, तह ४ सहायक र तह ३ कनिष्ठ सहायक पदको लिखित परीक्षामा सफल हुने उम्मेदवारहरुलाई अन्तर्वार्ताको समयमा शाखागत छनौट सूची प्रदान गरिनेछ । उम्मेदवारले प्राथमिकताको आधारमा छनौट गरेका शाखा/कार्यालयहरुमा निजको अन्तिम योग्यताक्रमका आधारमा क्रमशः नियुक्ति गरिनेछ । सुरु नियुक्ति भएको शाखा/कार्यालयमा नेपाल बैंक कर्मचारी सेवा विनियमावली २०६८ को विनियम७(४) वमोजिम निम्न अवधि वा पदोन्नती नहुँदा सम्म जुन कम हुन्छ सो समय सम्म सेवा गर्नु पर्नेछ ।

| | |
|---|---|
| क र ख समूहका शाखा/कार्यालयमा | - न्यूनतम ५ वर्ष |
| ग समूहका शाखा/कार्यालयमा | - न्यूनतम ६ वर्ष |
| घ र ङ समूहका शाखा/कार्यालयमा | - न्यूनतम ७ वर्ष |

घ) प्राप्त दरखास्त आंशिक वा पूर्णरुपले कुनै सूचना दिई वा नदिई समेत रद्द गर्न सकिने छ । छनौट सूचीमा पर्ने उम्मेदवारहरुलाई मात्र परीक्षामा सामेल गरिनेछ ।

ङ) खुला तथा समावेशी तर्फको लागि एउटै दरखास्त पेश गरे पुग्नेछ । साथै समावेशी तर्फ एक भन्दा वढी समूहमा दरखास्त दिने भएमा समुह पिच्छे छुट्टा छुट्टै शुल्क सहित दरखास्त दिनुपर्नेछ । यस बैंकमा कार्यरत कर्मचारीहरुले पनि सोही बमोजिम आवेदन गर्नुपर्नेछ ।

च) यस बैंकमा कार्यरत कर्मचारीको लागि शैक्षिक योग्यताको हकमा नेपाल बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली २०६८ मा व्यवस्था भए बमोजिम हुनेछ । शुल्कको हकमा (दरखास्त शुल्क र समावेशी शुल्क समेत) अन्य सरह नै बुझाउनु पर्नेछ ।

छ) उपरोक्त पदहरुको खुला तथा समावेशी समुहको एउटै मात्र परीक्षा हुनेछ ।

ज) दरखास्त फारम, पाठ्यक्रम तथा अन्य जानकारीको लागि यस बैंकको website: http//www.nepalbank.com.np वाट Download गरी हेर्न सकिनेछ ।

**पुनश्चः**

**समावेशी तर्फका आवेदकहरुले पेश गर्नुपर्ने थप कागजातहरुः**

क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जानजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सो सूचीका आधारमा , तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा वढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एक भन्दा वढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

ग) अपाङ्गको हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषदबाट अपाङ्गता प्रमाणित गरेको आधारमा ।

घ) मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

ङ) पिछडिएको क्षेत्रको हकमा नेपाल बैंक कर्मचारी सेवा विनियमावली २०६८ को विनियम७(५) स्पष्टीकरण (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोवास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोवास भएको प्रमाणित गरेको आधारमा ।

**पदपूर्ति समिति**
**नेपाल बैंक लिमिटेड**